संघीय संसद
प्रतिनिधि सभा, २०७९
तेस्रो अधिवेशन
बैठक संख्या - १४

सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०८० साल चैत ५ गते सोमबार

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख श्री देवराज घिमिरेको अध्यक्षतामा बिहान ११:१५ बजे प्रारम्भ भयो ।

बैठकको प्रारम्भमै नेपाली काँग्रेसका माननीय सदस्यहरु आ-आफ्नो आशन अगाडि उभिनुभएपछि सम्माननीय सभामुखले माननीय श्री गगन कुमार थापालाई समय दिनुहुँदा उहाँले सुन तस्करीमा संलग्न देखिएका शक्तिशाली नेताहरुलाई पनि पक्राउ गरी छानविनको दायरामा ल्याएकोमा सरकारलाई धन्यबाद दिनुहुँदै यसरी नै अन्य आरोपितहरुलाई पनि तत्काल पक्राउ गरी कारवाही अगाडी बढाउनु पर्ने, सहकारी ठगीमा संलग्नताको आरोप लागेका गृहमन्त्रीमाथी पनि तत्काल सत्य तथ्य छानविन गरी दोषी ठहरिए कारवाही गर्नुपर्ने अन्यथा निर्दोष भए काम गर्न दिनु पर्ने, संसद अवरुद्ध गर्ने नेपाली काँग्रेसको चाहना नरहेको तर संसदमा प्रतिपक्षले उठाएका प्रश्नहरुको जवाफ प्रधानमन्त्रीले दिनुपर्ने, सुन काण्ड जस्तै नक्कली भुटानी शरणार्थी प्रकरण, बाँसवारी छालाजुत्ता प्रकरण, टेरामक्स, एनसेल लगायतका सम्पूर्ण प्रकरणमा संलग्न देखिएका व्यक्ति वा समूह जुनसुकै पार्टी र पदमा भएपनि तत्काल कानूनी दायरामा ल्याई कारवाही गर्नुपर्ने लगायतका विषयमा भनाई राख्नुभयो ।

त्यसपछि सम्माननीय सभामुखले सभाको विगत र आजको बैठकमा पनि माननीय सदस्यहरुले उठाउनु भएको विषहरुमा हामी जानकार नै भएको र सदनमा नेपाल सरकारको उपस्थिती रहने भएकोले उल्लेखित विषयहरुमा नेपाल सरकारको ध्यानाकर्षण भएकै छ र यस सन्दर्भमा आफ्नो पनि ध्यानाकर्षण भएको छ भन्नुभयो ।

तदुपरान्त आकस्मिक समयमा क्रमश: माननीय श्री अशोक कुमार चौधरी र माननीय श्री हेमराज राईले सुनसरी बर्जु गाउँपालिकामा भएको आगलागीमा परी २७ र मोरङमा २२ घरधुरी जलेर नष्ट भएको, तेह्रथुम, भोजपुर, ताप्लेजुङ्ग, पाँचथर, रामेछाप, सिन्धुली, खोटाङ आदी जिल्लाहरुको विभिन्न उद्योगको गोदाम लगायत ६५ घर जलेर नष्ट भएको, भोजपुरमा आगलागीमा परी तीनजना बालकको मृत्यु भएकोले तत्काल पिडितहरुलाई सरकारले क्षतिपूर्तिको व्यवस्था गर्नुपर्ने लगायतका विषयमा आ-आफ्नो भनाई राख्नुभयो ।

तत्पश्चात प्रारम्भ भएको शून्य समयमा निम्नलिखित माननीय सदस्यहरुले समसामयिक विषयहरुमा आ-आफ्नो भनाई राख्नुभयो:-

१. मा० श्री ठाकुर प्रसाद गैरे
२. मा० श्री तेजुलाल चौधरी
३. मा० डा० तोसिमा कार्की
४. मा० श्री दामोदर पौडेल वैरागी
५. मा० श्री दिक्पाल कुमार शाही
६. मा० श्री दिपक खड्का
७. मा० श्री दिपक गिरी
८. मा० श्री दिपक बहादुर सिंह
९. मा० श्री दिपा शर्मा
१०. मा० श्री दुर्गा राई
११. मा० श्री दुर्लभ थापा क्षेत्री
१२. मा० श्री देव प्रसाद तिमल्सेना
१३. मा० श्री देवेन्द्र पौडेल
१४. मा० श्री ध्रुब बहादुर प्रधान
१५. मा० श्री नागिना यादव
१६. मा० श्री नारायण प्रसाद आचार्य
१७. मा० श्री नारायणी शर्मा
१८. मा० श्री निर्मला कोइराला
१९. मा० श्री निशा डागी
२०. मा० श्री पुष्प बहादुर शाह
२१. मा० श्री पूर्ण बहादुर घर्ति मगर
२२. मा० श्री प्रकाश ज्वाला
२३. मा० श्री प्रतिमा गौतम
२४. मा० श्री प्रदिप पौडेल
२५. मा० श्री प्रतिक्षा तिवारी
२६. मा० श्री प्रभु हजरा
२७. मा० श्री प्रेम बहादुर आले
२८. मा० श्री बद्री प्रसाद पाण्डे
२९. मा० श्री बासु देव घिमिरे
३०. मा० श्री बिन्दबासिनी कांसकार
३१. मा० श्री बिनिता कठायत

त्यसपछि प्रारम्भ भएको विशेष समयमा निम्नलिखित माननीय सदस्यहरुले विविध विषयहरुमा आ-आफ्नो भनाई राख्नुभयो:-

१. मा० श्री जीवन परियार
२. मा० श्री ऋषिकेश पोखरेल
३. मा० श्री विमला सुवेदी
४. मा० श्री शिशिर खनाल

५. मा० श्री मेटमणि चौधरी
६. मा० श्री अब्दुल खान
७. मा० श्री राम प्रकाश चौधरी
८. मा० श्री प्रेम सुवाल
९. मा० श्री चित्र बहादुर के.सी.
१०. मा० श्री प्रभु साह
११. मा० श्री दिपक बहादुर सिंह
१२. मा० श्री कल्पना चौधरी
१३. मा० श्री विजुला रायमाझी
१४. मा० श्री किरण कुमार साह

त्यसपछि माननीय उपप्रधानमन्त्री एवम् परराष्ट्रमन्त्री श्री नारायणकाजी श्रेष्ठले प्रतिनिधि सभा नियमावली, २०७९ को नियम १५ को उपनियम (२) बमोजिम आकस्मिक, शून्य, विशेष लगायत अन्य समयमा माननीय सदस्यहरुले उठाउनु भएको विषयहरुका सम्बन्धमा जवाफ दिनुभयो ।

त्यसपछि सम्माननीय सभामुखले जनता समाजवादी पार्टी, नेपालको तर्फबाट प्रतिनिधि सभामा समानुपातिक सदस्यमा निर्वाचित प्रतिनिधि सभा सदस्य मंजु शर्मा अन्सारीको मिति २०८० साल चैत ४ गते निधन भएकोले नेपालको संविधानको धारा ८९ को खण्ड (च) बमोजिम प्रतिनिधि सभा सदस्य पद एक रिक्त भएको व्यहोरा प्रतिनिधि सभा नियमावली, २०७९ को नियम २१५ को उपनियम (१) बमोजिम सदनलाई जानकारी गराउनु भयो ।

त्यसपछि माननीय ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्री श्री शक्तिबहादुर बस्नेतले "अन्तर्राष्ट्रिय सौर्य गठबन्धन (आइ एस ए) को स्थापनासँग सम्बन्धित सम्झौता **(Framework Agreement on the establishment of the International Solar Alliance (ISA))**" प्रस्तुत गर्नुभयो ।

त्यसपछि उपप्रधानमन्त्री एवं परराष्ट्र मन्त्री श्री नारायणकाजी श्रेष्ठले "विमस्टेक वडापत्र **(BIMSTEC Charter)** अनुमोदन सम्बन्धी प्रस्तावमाथि सामान्य छलफल गरियोस्" भनी राख्नु भएको प्रस्ताव माथी भएको छलफलको क्रममा निम्नलिखित माननीय सदस्हरुले राख्नु भएको प्रश्नको माननीय मन्त्रीले जवाफ दिनु भयो ।

१. मा० श्री रघुजी पन्त
२. मा० श्री योगेश कुमार भट्टराई
३. मा० श्री शिशिर खनाल
४. मा० श्री मेटमणि चौधरी
५. मा० श्री मनिष झा
६. मा० श्री अब्दुल खान
७. मा० श्री अम्मर बहादुर थापा
८. मा० श्री रञ्जु कुमारी झा
९. मा० श्री चित्र बहादुर के.सी.
१०. मा० श्री प्रेम सुवाल
११. मा० श्री प्रदिप पौडेल
१२. मा० श्री विनिता कठायत
१३. मा० श्री ध्रुब बहादुर प्रधान
१४. मा० श्री देवेन्द्र पौडेल
१५. मा० श्री सञ्जय कुमार गौतम

त्यसपछि सम्माननीय सभामुखले "विमस्टेक वडापत्र **(BIMSTEC Charter)** अनुमोदन सम्बन्धी प्रस्तावमाथि सामान्य छलफल गरियोस्" भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतले स्वीकृत भयो ।

त्यसपछि सम्माननीय सभामुखले प्रतिनिधि सभा नियमावली, २०७९ को नियम १७७ बमोजिम निम्नलिखित समितिमा माननीय सदस्यहरुको नाम हेरफेर गर्न सभाको सहमतिको लागि प्रस्तुत गर्नुहुँदा सर्वसम्मतीले सहमति जनायो ।

| क्र.सं. | मा० सदस्यको नाम | समिति |
|---|---|---|
| १. | मा० श्री शरत सिंह भण्डारी | उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिमा |
| २. | मा० श्री प्रकाश ज्वाला | पूर्वाधार विकास समितिमा |
| ३. | मा० श्री सुदन किराती | अन्तर्राष्ट्रिय सम्बन्ध र पर्यटन समितिमा |
| ४. | मा० श्री सुशिला सिर्पाली ठकुरी | महिला तथा सामाजिक मामिला समितिमा |
| ५. | मा० श्री महिन्द्र राय यादव | शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिमा |
| ६. | मा० श्री अम्मर बहादुर थापा | कृषि, सहकारी तथा प्राकृतिक स्रोत समितिबाट शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिमा |

त्यसपछि सम्माननीय सभामुखले प्रतिनिधि सभा नियमावली, २०७९ को नियम १७७ को उपनियम (५) बमोजिम प्रतिनिधि सभा अन्तर्गत गठित शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिको रिक्त रहेको सभापतिको निर्वाचनको लागि सोही नियमावलीको नियम १७६ को उपनियम (१) बमोजिम यहि २०८० साल चैत ७ गते बुधबार दिनको ३:०० बजेको समय तोकेको व्यहोरा माननीय सदस्यहरुलाई जानकारी गराउनु हुँदै सोही नियम बमोजिम समितिको सभापति निर्वाचन सम्बन्धी सूचना प्रकाशित गर्न संघीय संसदको महासचिव श्री पदम प्रसाद पाण्डेयलाई निर्देशन दिनुभयो ।

त्यसपछि माननीय कानून, न्याय तथा संसदीय मन्त्री श्री पदम गिरीले "सम्पत्ति शुद्धीकरण (मनि लाउण्डरिङ्ग) निवारण तथा व्यवसायिक वातावरण प्रवर्धन सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०८० माथि राष्ट्रिय सभाबाट भएको संशोधनमाथि विचार गरियोस्" भनी राख्नुभएको प्रस्तावमाथि भएको छलफलमा माननीय श्री प्रेम सुवालले राख्नु भएको प्रश्नहरुको माननीय मन्त्रीले जवाफ दिनुभयो ।

तत्पश्चात् सम्माननीय सभामुखले सम्पत्ति शुद्धीकरण (मनि लाउण्डरिङ्ग) निवारण तथा व्यवसायिक वातावरण प्रवर्धन सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०८० माथि राष्ट्रिय सभाबाट भएको संशोधनमाथि विचार गरियोस्" भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतले स्वीकृत भयो ।

तदुपरान्त सम्माननीय सभामुखले आ.व. २०८१/०८२ को लागि विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकता सम्बन्धमा (कर प्रस्ताव बाहेक) माथिको छलफलको लागि यस अघि तोकिएका दिनहरुमा विशेष कारणबस छलफल हुन नसकेकोले २०८० साल चैत ५, ६ र ७ गतेका दिनहरुसमेत तोकेको व्यहोरा जानकारी गराउनु भयो ।

तत्पश्चात् प्रारम्भ भएको आ.व. २०८१/०८२ को लागि विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकता (कर प्रस्ताव बाहेक) माथिको छलफलमा निम्नलिखित माननीय सदस्यहरुले भाग लिनुभयोः-

१. मा० डा० चन्दकान्त भण्डारी
२. मा० श्री गोकुल प्रसाद बाँस्कोटा
३. मा० श्री देवेन्द्र पौडेल
४. मा० श्री सोबिता गौतम
५. मा० श्री ध्रुब बहादुर प्रधान
६. मा० श्री सुशिला श्रेष्ठ
७. मा० श्री प्रेम बहादुर आले
८. मा० डा० चन्द्रकान्त राउत
९. मा० श्री बिनोद कुमार चौधरी
१०. मा० श्री जुली कुमारी महत्तो (महासेठ)
११. मा० श्री महेन्द्र बहादुर शाही
१२. मा० श्री मनिष झा
१३. मा० श्री रामकृष्ण यादव
१४. मा० श्री लिलानाथ श्रेष्ठ
१५. मा० श्री रणेन्द्र बराली
१६. मा० श्री नागिना यादव
१७. मा० श्री शोभा ज्ञवाली
१८. मा० श्री नारायणी शर्मा
१९. मा० श्री सिता कुमारी राना
२०. मा० श्री रणकुमारी बलम्पाकी मगर
२१. मा० श्री सुशिला सिर्पाली ठकुरी
२२. मा० श्री एकनाथ ढकाल
२३. मा० श्री चन्द्र बहादुर विश्कर्मा
२४. मा० श्री प्रतिक्षा तिवारी

त्यसपछि सम्माननीय सभामुखले आ.व. २०८१/०८२ को विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकता (कर प्रस्ताव बाहेक) माथिको छलफलमा माननीय सदस्यहरुले बोल्ने क्रम आगामी बैठकमा जारी रहने व्यहोरा जानकारी गराउनु भयो ।

तदनन्तर प्रतिनिधि सभाको अर्को बैठक २०८० साल चैत ६ गते मंगलबार बिहान ११:०० बजे बस्नेगरी बैठक दिनको ६:५० बजे स्थगित भयो ।

पद्म प्रसाद पाण्डेय
महासचिव